सिंजा गाउँपालिका
नराकोट, जुम्ला
कर्णाली प्रदेश, नेपाल

**राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता, सूचना व्यवस्थापन प्रणाली (NWASH-MIS) तथ्याङ्क सङ्कलन, तथा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (WASH Plan) अद्यावधिक" गर्न परामर्श दाताको कार्य जिम्मेवारी (TOR)**

## १ .पृष्ठभूमि

नेपालमा सङ्घ, प्रदेश तथा स्थानीय तहमा खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) सम्बन्धी सूचना तथा तथ्याङ्कलाई एकीकृत रूपमा व्यवस्थापन गर्न तथा स्थानीय तहको WASH Plan तर्जुमा, अध्यावधिक र कार्यान्वयनमा सहजीकरण गर्न राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता सूचना व्यवस्थापन प्रणाली (NWASH-MIS) प्रयोग हुँदै आएको छ। यसै सन्दर्भमा सिंजा गाउँपालिकाले आ.व. २०७९/०८० मा गाउँपालिका भित्रका खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गरी WASH Plan तयार तथा स्वीकृत गरी कार्यान्वयनमा ल्याएको थियो।

हाल उक्त तथ्याङ्क तथा योजनालाई वर्तमान अवस्था अनुरूप अध्यावधिक गर्नुपर्ने आवश्यकता रहेको छ। गाउँपालिकाभित्रका घरधुरी, विद्यालय, स्वास्थ्य संस्था, सार्वजनिक शौचालय, सञ्चालित खानेपानी आयोजना तथा हालसम्म खानेपानी सेवा नपुगेका क्षेत्रहरूको विद्यमान अवस्था पहिचान गरी NWASH-MIS मा भरपर्दो, गुणस्तरीय र प्रमाणमा आधारित तथ्याङ्क अद्यावधिक गर्न दक्ष जनशक्ति परिचालन गर्नुपर्ने देखिएको छ। यस प्रयोजनका लागि योग्य तथा अनुभवी NWASH परामर्शदाता/परामर्शदाताबाट सेवा करारमा लिनका लागि यस कार्यसम्पादन विवरण (Terms of Reference – ToR) बमोजिम प्रस्ताव आह्वान गरिन्छ।

## २.उद्देश्य

यस परामर्शको मुख्य उद्देश्य सिंजा गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको विद्यमान अवस्था अद्यावधिक गर्न आवश्यक सामाजिक तथा प्राविधिक तथ्याङ्क गुणस्तरीय रूपमा सङ्कलन, सम्पादन, प्रमाणीकरण तथा NWASH-MIS मा अद्यावधिक गर्ने कार्यलाई सहजीकरण गर्नु र प्राप्त तथ्याङ्क तथा विश्लेषणका आधारमा गाउँपालिकाको WASH Plan अध्यावधिक तथा आगामी योजना तर्जुमाका लागि आवश्यक आधार तयार गर्नु हो।

## ३ कार्यक्षेत्र तथा जिम्मेवारी (Scope of Work)

### ३.१. योजना तथा तयारी

१। समय सिमा तथा संकलन गर्नुपर्ने तथ्यांकलाई मध्यनजर गरि NWASH-MIS अन्तर्गत घरधुरी, विद्यालय, स्वास्थ्य संस्था, सार्वजनिक शौचालय) को तथ्यांक संकलन आवश्यक जनशक्ति पहिचान गरि योजना तर्जुमा गर्न पालिकालाई सहयोग गर्ने।

२। पालिकाले तयार पारेको संचालित र सेवा नपुगेका क्षेत्रको तथ्यांक संकलन योजनालाई पुनरावलोकन गरि आवश्यक परिवर्तन गरि WASH-MC बाट पारित गर्ने।

३। पालिकाको सहयोगमा सामाजिक गणकहरुको छनोट वा कार्य विभाजन गरि फिल्ड परिचालन योजना तयार पार्ने।

४। आवश्यकता अनुसार प्राबिधिक गणकहरुको व्यवस्थापन गर्ने।

### ३.२ तालिम व्यवस्थापन

१। प्राविधिक गणकलाई ३ दिने NWASH-MIS Inventory, sustainability र Unserved तथ्यांक संकलन सम्बन्धि सञ्चालन गर्ने।

२। सामाजिक गणकहरुलाई प्रभावकारी अभिमुखीकरण र फिल्ड अभ्यास सहित NWASH तथ्यांक संकलन सम्बन्धि तालिम सञ्चालन गर्ने।

३। तालिम पश्चात् गणकहरूको ज्ञान/सीप परीक्षण गरी फिल्ड परिचालनको लागि प्रमाणीकरण गर्ने।

४। आवश्यकता अनुसार पालिका वास इकाईको NWASH सम्बन्धि क्षमता बिकासमा सहयोग पुर्याउने।

### ३.३ फिल्ड तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण

१। आवश्यकता अनुसार सामाजिक तथा प्राबिधिक गणकहरुको परिचालन गर्ने।

२। तथ्यांक संकलन योजना अनुसार सामाजिक तथा प्राबिधिक तथ्यांकहरु संकलन भएको सुनिश्चित गर्ने।

३। सामाजिक प्राविधिक गणकहरुले गरेको तथ्यांकको भेरीफिकेसन् गर्ने र तथ्यांकको गुणस्तर सुनिश्चित गर्न फिल्ड सुपरिवेक्षण, गुणस्तर नियन्त्रण (spot-check) र समस्या समाधान गर्न गणकहरुलाई अभिमुखीकरण गर्ने।

### ३.४ तथ्याङ्क अपलोड, सम्पदान, विश्लेषण

१। गणकहरुले सङ्कलित सामाजिक तथ्याङ्क NWASH-MIS अपलोड गरेको सुनिश्चित गर्ने।

२। प्राबिधिक गणकबाट प्राप्त तथ्यांकहरु पालिका WASHFP/ITO/WASH unit संगको सहकार्यमा NWASH-MIS मा अपलोड गर्ने।

३। अपलोड गरेको तथ्यांकलाई आवश्यकता अनुसार सम्पादन गर्ने। तथ्यांक सम्पादनको क्रममा आवश्यकता अनुसार गणक र समुदाय संग सम्पर्क गर्ने।

४। आवश्यकता अनुसार पहिला र अहिलेको NWASH तथ्यांकको विश्लेषण गरि पालिका WASH इकाईलाई उपलब्ध गराउने।

५। पालिकाको NWASH-Inventory अन्तर्गतका खानेपानी योजनाको अन्तिम सुची तयार पार्न, दोहोरापना भएका योजनाहरुलाई हटाउने वा मिलाउने। साथै तथ्यांक संकलन योजना भित्र नपरेका योजनाहरुको सुची तयार पारि संकलन गर्नुपर्ने तथ्यांकको रुपमा पालिकालाई जानकारी गराउने।

प्रमुख प्रशासकीय अधिकृत

सिंजा गाउँपालिकाको कार्यालय नराकोट, जुम्ला कर्णाली प्रदेश नेपाल

६। तथ्यांकको सम्पादन पश्चात तथ्यांकको गुणस्तरको पुनरावलोकन गर्न जनशक्तिको व्यवस्था गर्ने।

### ३.५ तथ्याङ्क प्रामाणिकरण

१। NWASH भएका सूचनाहरुलाई वडा अनुसार विश्लेषण गरी प्रमाणीकरण गर्न सहयोग गर्ने।
२। सम्पूर्ण तथ्यांकहरु तथ्यांक संकलन योजना अनुसार भएको सुनिश्चित गर्ने।
३। तथ्यांक प्रामाणिकारणको क्रममा कुनै तथ्यांकमा गुनासो आएमा फेरिफिकेसन गरि सम्पादन गर्ने र त्यसको रेकर्ड राख्ने।
४। तथ्यांक प्रमाणीकरणको क्रममा तथ्यांक संकलन योजना भन्दा बाहिरका छुटेका योजनाहरु तथा खानेपानी, सरसफाइ र स्वच्छता देखिन गएमा उक्त जानकारी पालिकालाई गर्ने।

### ३.५ प्राथमिकीकरण कार्यशाला

१। सम्झौता अवधि भित्र नयाँ तथ्यांक अनुसार प्राथामिकिकरणका लागी पहल गर्ने। तथ्यांक संकलन, सम्पादन, प्रामाणिकरण, WASH governance Section लगायत NWASH-web मा भर्नुपर्ने जानकारीहरु पुरा गर्ने र पालिका स्तरीय प्राथामिकरण गोष्टिका लागि जानकारी दिने।
२। उक्त सम्झौता अवधिमा पालिकाले कार्यशाला सञ्चालन गर्न सकेमा , विश्लेषण नतिजाका आधारमा पालिका स्तरीय प्राथमिकीकरण कार्यशाला (prioritization workshop) को कार्यपत्र तयारी, सहजीकरण गरि NWASH मा अध्यावधि गरि अन्तिम रुप दिने।

## १ .कार्ययोजना सम्पादन बिवरण (Deliverables)

१। विस्तृत कार्ययोजना र समय तालिका (Inception Report)
२। प्राविधिक गणकहरुको तालिम-१ (३ दिन)
३। सामाजिक गणकहरुको तालिम-१ (४ दिन)

**४। तथ्यांक संकलन (NWASH-MIS)**

| तथ्यांकको प्रकार | संख्या | इकाई | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| **क) सामाजिक तथ्यांक** | | | | |
| घरधुरी (NWASH HH पालिकाको घरधुरीको १०% हरेक वडा र बस्तिको प्रतिनिधित्व हुने गरि) | २४० | घरधुरी | सामाजिक गणक | परामर्श दाताले तथ्यांक अनुगमन गर्ने (कम्तिमा) |
| बिद्यालय (NWASH school) | २३ | बिद्यालय | सामाजिक गणक | परामर्श दाताले तथ्यांक अनुगमन गर्ने |
| स्वास्थ्य संस्था (NWASH HCF | ६ | स्वास्थ्य संस्था | सामाजिक गणक | परामर्श दाताले तथ्यांक अनुगमन गर्ने |
| सार्बजनिक शौचालय(NWASH public toilet | आवश्यकता अनुसार | शौचालय | सामाजिक गणक | परामर्श दाताले तथ्यांक अनुगमन गर्ने |
| **ख) प्राबिधिक तथ्यांक** | | | | |
| **संचालित खानेपानी योजना (NWASH inventory and NWASH project sustainability)**<br>- योजनाबाट समेटिएका ..... धाराहरु, पाइपलाइन, इन्टेक,रिजरभाइर सहित अन्य संरचनाहरु<br>- योजनाका संरचनाहरुमा जोखिमपूर्ण क्षेत्रहरु समेत देखिने गरि फोटो सहित तथ्यांक संकलन गर्ने। | १३ | योजना | प्राबिधिक गणक | परामर्श दाताले सुनिश्चित गर्ने<br><br>धारा संख्या: ११८० ( अनुमानित) धारा संख्यामा सामान्य परिबर्तन आउँन सक्नेछ। |

अधिकृत

| | | | | |
|---|---|---|---|---|
| – पाइपलाइनको तथ्यांक तथा लेआउट संकलन गर्दा पाइप, साइज, गुणस्तर, पाइपको अवस्था तथा विपदको असर अनुसार फरक फरक खण्ड बनाई गुणस्तरीय तथ्यांक संकलन गर्ने। | | | | |
| **नयाँ तथा निर्माधीन खानेपानी योजना (NWASH Unserved, ongoing and new)**<br>– निर्माणधिंन अवस्थामा रहेका योजनाहरु<br>– पालिकाको खानेपानीको सेवा नक्सांकन गर्दा, खानेपानी सेवामा नसमेटिएका बस्तिहरुको लागि नयाँ योजनाहरु | ३ | योजना | प्राबिधिक गणक | (परामर्श दाताले सुनिश्चित गर्ने)<br><br>पालिकाले नयाँ योजनाको सुची उपलब्ध गराउदा हेरफेर हुन् सक्नेछ। |
| **ग) WASH governance** | १ | पालिका | परामर्श दाता | पालिका WASH Unit संगको सहकार्यमा |

५। NWASH मा भएका तथ्यांकहरुको तथ्यांकहरुको सम्पदान पश्चातको सम्पूर्ण गुणस्तरीय तथ्यांक सेट (Clean data set)
६। तथ्यांक प्रमाणीकरणका लागि वडा स्तरीय अवस्था झल्काउने तथ्यांक बिश्लेषण दस्ताबेज- ६ वडा
७। खानेपानी सरसफाइ स्वच्छताका विभिन्न सूचकहरु अनुसारको पालिका स्तरीय तथ्यांक बिश्लेषण- १
८। NWASH-MIS प्राथामिकरण सहजीकरणका लागि दस्ताबेज (प्राथामिकरण मापदण्ड र सुची सहित) –१
९। ड्राफ्ट WASH plan (रणनीति र सुझाव सल्लाह समेटेको) –१

## १ .कार्य योजना /विभाजन तथा अवधि

यस NWASH तथ्यांक तथा वास योजना अध्यावधिको अवधि कुल चार महिनाको हुनेछ, जस अन्तर्गत मुख्य परामर्श दाता, गणकहरु र पालिकाको भूमिका निम्नानुसार हुनेछ।

| सी. न. | क्रियाकलापहरु | अनुमानित दिन | सहभागी | जिम्मेवारी | लागत भुक्तानी | समयसिमा |
|---|---|---|---|---|---|---|
| १. | खानेपानी योजनाहरूको विस्तृत विश्लेषण, खानेपानी योजनाको पोस्ट–मोर्टम प्रतिवेदन तथा Existing NWASH inventory को समीक्षा, तथ्याङ्क अद्यावधिक तथा संकलन योजना तयारी, र अनुमानित लागत निर्धारण | ५ दिन | वास इकाई, (WASH coordinator, SSC, TF etc), WASH Focal Person, IT Office | वास इकाई | लागतको अनुमान स्पष्ट पार्ने | २५ अगस्त |
| २. | NWASH अद्यावधिकको कार्यविधि (Modality), चरणगत प्रक्रिया तथा परामर्शदाता, प्राविधिक तथा सामाजिक गणकको कार्यविवरण (ToR) र WASH इकाइको भूमिका तयारी। | २ दिन | | वास इकाई | | २७ अगस्त |
| ३ | तथ्याङ्क संकलन योजना तथा मानव स्रोत परिचालन योजना स्वीकृत गर्ने। | १ दिन | | WASH-MC बैठक | | ३० अगस्त |
| ४ | WASH फोकल पर्सन (WASH FP), सूचना प्रविधि अधिकृत (ITO) तथा वास संयोजक (WC) का लागि NWASH प्रशिक्षकहरूको प्रशिक्षण (ToT) सञ्चालन | ५ दिन | WASH फोकल पर्सन (WASH FP), सूचना प्रविधि अधिकृत (ITO) | सुस्वा र पालिका | सुस्वा र पालिका | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | तथा वास संयोजक (WC) | | | |
| ४ | NWASH परामर्शदाता तथा गणक (प्राविधिक र सामाजिक) छनोट तथा कार्यमा परिचालन (Onboarding)। | ७ दिन | सेवा प्रदायक संस्था | WASH-CC, WASH unit | पालिका | १० सेप्टेम्बर |
| ५. | सामाजिक तथा प्राविधिक गणकहरूको क्षमता अभिवृद्धि तालिम सञ्चालन व्यवस्थापन | ५ दिन | सामाजिक तथा प्राबिधिक गणकहरु | परामर्श दाता | सम्झौता अनुसार | **३० सेप्टेम्बर** |
| ६ | सामाजिक तथा प्राविधिक गणकहरूको क्षमता अभिवृद्धि तालिम सञ्चालन सहजीकरण | ५ दिन | सामाजिक तथा प्राबिधिक गणकहरु | परामर्श दाता | सम्झौता अनुसार | **३० सेप्टेम्बर** |
| ७ | सामाजिक तथ्याङ्क संकलन —सामाजिक तर्फ घरधुरी, विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक शौचालयको तथ्याङ्क संकलन। | १५ दिन | सामाजिक गणक | सामाजिक गणक | सम्झौता अनुसार | १ अक्टुवर |
| ८ | प्राविधिक तथ्याङ्क संकलन: प्रणालीको सूची (Inventory), दिगोपन तथा सेवा नपुगेका घरधुरीसम्बन्धी तथ्याङ्क संकलन | २५ दिन | खानेपानी योजना | प्राबिधिक गणक | सम्झौता अनुसार: | ३० नोवेम्बेर |
| ९ | सामाजिक तथा प्राबिधिक , तथ्याङ्कको भेरिफिकेन, cleaning र सम्पादन | १० दिन | | परामर्श दाता | पालिका | ५ डिसेम्बर |
| १० | तथ्यांक विश्लेषण तथा प्रमाणिककरणका लागि दस्ताबेज तयार पार्ने | ५ दिन | | परामर्श दाता | पालिका | ५ डिसेम्बर |
| ११ | प्राथामिकीकरण सहयोग तथा दस्ताबेजिकरण | ३ दिन | | परामर्श दाता | पालिका | १० डिसेम्बर |
| १० | तथ्यांक प्रामाणिकरण तथा प्राथामिकिकरण गोष्ठी | १ दिन | पालिका मेयर/ उपमेयर लगायत वडा अध्यक्ष तथा शाखा प्रमुखहरु | पालिका / सहजीकरण परामर्श दाता | पालिका | १५ डिसेम्बर २०२६ |
| ११ | तथ्यांक प्राथामिकिकरण क्रियाकलापलाई NWASH web मा अपडेट गर्ने | २ दिन | | परामर्श दाता | पालिका | १५ डिसेम्बर २०२६ |
| १२ | WASH plan रिपोर्ट तथा पृष्टपोषण र अन्तिम भेरिफिकेसन र अन्तिम रुप दिने | ३ दिन | | परामर्श दाता | पालिका | २५ डिसेम्बर |
| १४ | WASH plan रिपोर्ट अनुमोदन | १ दिन | पालिका मेयर/ उपमेयर लगायत वडा अध्यक्ष तथा शाखा प्रमुखहरु | पालिका कार्यकारी समिति | | १ जनवरी २०२७ |

## १ परामर्शदाताको न्यूनतम योग्यता तथा अनुभव

नेपाल सरकारको VAT प्रणालीमा दर्ता भएको व्यक्ति वा संस्था।

**१ मुख्य कार्य योजना प्रामर्श दाता**

- मान्यताप्राप्त विश्वविद्यालयबाट कुनै पनि विषयमा स्नातक (Bachelor's degree, any discipline) उत्तीर्ण गरि खानेपानी सरसफाइ तथा स्वच्छताको क्षेत्रमा कम्तिमा १० बर्ष काम गरेको।
- NWASH-MIS सम्बन्धी MTOT (Master Training of Trainers) तालिम लिएको र दुई भन्दा बढी स्थानीय तहमा NWASH/MIS सम्बन्धी कार्यमा मुख्य भूमिका सहित तथ्यांक सम्पादन गरेको ठोस अनुभव भएको।
- NWASH/WASH योजना तयारीमा असल र गुणस्तरीय कार्यसम्पादनको प्रमाणित सन्दर्भ (reference) प्रस्तुत गर्न सक्ने
- NWASH inventory तथा सामाजिक तथ्याङ्क समीक्षा, सम्पादन र विश्लेषणमा कार्यमा दक्ष भएको।
- NWASH/WASH दुवै प्राबिधिक र सामाजिक तालिम सहजीकरण अनुभव र क्षमता भएको।
- कर्णाली वा पहाडी र सिंजा ली भौगोलिक क्षेत्रमा हिँडडुल गरी फिल्ड कार्य सञ्चालन गर्न सक्ने क्षमता र इच्छा शक्ति भएको
- तथ्याङ्क प्रमाणीकरण (verification), सम्पादन (editing) र मान्यीकरण (validation) प्रक्रियामा अनुभवी।
- बैठक सञ्चालन तथा समन्वयमा दक्ष।

सिंजा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नराकोट, जुम्ला कर्णाली प्रदेश नेपाल

- Excel तथा power BI जस्ता तथ्यांक विश्लेषण गर्न आवश्यक पर्ने सफ्टवेरको ज्ञान भएको
- नेपाली र अंग्रेजी भाषामा प्रतिवेदन लेखन दक्षता ।
- आवश्यक पर्दा परिचालन गर्न सकिने प्राविधिक गणकहरू (technical enumerators) सूचीकृत/सम्पर्कमा रहेको वा स्थानीय तहमा उपलब्ध नभएको अवस्थामा बाहिरबाट परिचालन गर्न सक्ने क्षमताको स्पष्ट पुष्टि हुने गरि प्रस्ताव पेश गर्नुपर्ने ।

### १ तथ्यांक सम्पादन तथा प्रमाणीकरण (मुख्य परामर्श दाताले आवश्यक लागेमा) परामर्श दाता

परामर्शदातालाई आवश्यकता महसुश भएमा तथ्यांक सम्पादन तथा प्रमाणीकरणका लागी छुट्टै जनशक्तिको व्यवस्था गर्न सक्नेछ । उक्त व्यक्तिको योग्यता निम्नानुसार हुनुपर्नेछ ।

- मान्यताप्राप्त विश्वविद्यालयबाट कुनै पनि विषयमा स्नातक (Bachelor's degree, any discipline) उत्तीर्ण, साथै NWASH-MIS सम्बन्धी MTOT (Master Training of Trainers) तालिम लिएको हुनुपर्ने ।
- NWASH inventory तथा सामाजिक तथ्याङ्क समीक्षा, सम्पादन र विश्लेषणमा कार्यमा दक्ष भएको ।
- तथ्याङ्क प्रमाणीकरण (verification), सम्पादन (editing) र मान्यीकरण (validation) प्रक्रियामा अनुभवी ।
- Excel तथा power bi जस्ता तथ्यांक विश्लेषण गर्न आवश्यक पर्ने सफ्टवेरको ज्ञान भएको
- नेपाली र अंग्रेजी भाषामा प्रतिवेदन लेखन दक्षता ।

### २ पाबिधिक गणक

- कम्तिमा इन्जीनीयारिंग बिषयमा, सब ओभरसियर गरि खानेपानीको क्षेत्रमा अनुभव भएको वा अन्य बिषयमा +२ पास गरि खानेपानीको क्षेत्रमा कम्तिमा ३ बर्षको अनुभव भएको
- खानेपानी योजनाको लेआउट तथा संरचनाहरुको बारेमा जानकारी भएको
- डिजीटल प्रबिधिबाट तथ्यांक संकलनमा अनुभव भएको, NWASH Inventory मा पहिलेनै काम गरेकोलाई प्राथामिकता दिने

### ३ सामाजिक गणक

- कुनै पनि बिषयमा कम्तिमा +२ वा सो सरह उत्तीर्ण गरि खानेपानी तथा सरसफाइको क्षेत्रमा कम्तिमा २ बर्षको अनुभव भएको
- डिजीटल प्रबिधिबाट तथ्यांक संकलनमा अनुभव भएको
- स्थानीयलाई प्राथामिकता दिइने

## १ .आवश्यक बैधानिक कागजातहरु

- नेपाल सरकारको VAT दर्ता प्रमाणपत्र
- मुख्य परामर्शदाताको NWASH मा काम गरेको Curriculum Vitae सहित तालिम तथा अनुभवको प्रमाण पत्र ।
- फर्मको हकमा सम्बन्धित निकाय (कम्पनी रजिष्ट्रारको कार्यालय) मा दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि र अन्तिम कर चुक्ता प्रमाणपत्र (Tax Clearance Certificate) को प्रतिलिपि ।
- आफू वा आफ्नो फर्म सार्वजनिक खरिद ऐन बमोजिम कालोसूचीमा नपरेको स्वघोषणा (self-declaration) ।
- प्रस्तावित कार्यमा कुनै किसिमको स्वार्थ बाझिने (conflict of interest) अवस्था नरहेको स्वघोषणा ।

## २ भुक्तानी प्रक्रिया

- **पहिलो किस्ता:** करार सम्झौता भएपछि २०% (कार्ययोजना स्वीकृत भए पछी) ।
- **दोश्रो किस्ता:** सामाजिक तथा प्राबिधिक गणकहरु तालिम सम्पन्न भई फिल्ड तथ्याङ्क सङ्कलन सुरु भएपछि ३०% ।
- **तेस्रो किस्ता:** फिल्ड तथ्याङ्क सङ्कलन, सम्पादन र प्रमाणीकरणमा दस्तावेज पेश गरेपछि ४०% ।
- **अन्तिम किस्ता:** अन्तिम प्रतिवेदन पछि १० % ।

## ३ प्रस्ताव मूल्याङ्कन आधार

एकभन्दा बढी प्रस्ताव प्राप्त भएमा प्राविधिक र आर्थिक दुवै पक्षलाई एकीकृत गरी मूल्याङ्कन गरिनेछ:

| विवरण | इकाई | भार |
|---|---|---|
| योग्यता, अनुभव र सन्दर्भ (qualification, MTOT, palika-level experience, references) | भार | 40% |
| कार्यविधि/कार्ययोजना (सङ्कलन योजना, तालिम, गुणस्तर नियन्त्रण दृष्टिकोण) | भार | 20% |
| तालिम सहजीकरण अनुभव (प्राविधिक/सामाजिक) र गणक व्यवस्थापन क्षमता | भार | 20% |
| आर्थिक प्रस्ताव (लागत उपयुक्तता) | भार | 20% |

सबैभन्दा उपयुक्त (सबैभन्दा बढी अङ्क प्राप्त गर्ने) प्रस्तावकसँग गुणस्तर र मूल्य दुवैलाई एकीकृत गरी वार्ता गरि छनोट सम्झौता गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

सिंजा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नराकोट, जुम्ला कर्णाली प्रदेश नेपाल

## ३ अन्य सर्तहरू

- अग्रिम भुक्तानी लिएमा सोबापतको रकम बराबरको बैंक जमानत/धरौटी सार्वजनिक खरिद नियमावली बमोजिम पेश गर्नुपर्नेछ।
- प्रचलित आयकर ऐन बमोजिम प्रत्येक भुक्तानीबाट स्रोतमा कर (TDS) कट्टी गरिनेछ।
- परामर्शदाताले भ्रष्टाचार, जालसाजी, मिलेमतो वा गलत विवरण पेश गरेको ठहर भएमा सार्वजनिक खरिद ऐनको सम्बन्धित दफा बमोजिम कारबाही तथा कालोसूचीमा राखिनेछ।
- यो ToR तथा सोबाट हुने सम्झौता सम्बन्धी विवाद पालिकाको प्रचलित खरिद निर्देशिका र सार्वजनिक खरिद ऐन/नियमावली बमोजिम समाधान गरिनेछ।
- सूचना प्रकाशित भएको मितिले पालिकाले तोकेको म्याद (सामान्यतया बढीमा ७ दिन) भित्र इच्छुक योग्य व्यक्ति/परामर्शदाताले प्रस्ताव पेश गर्नुपर्नेछ।

## ४ आवेदन प्रक्रिया

योग्यता पुगेका इच्छुक व्यक्ति/परामर्शदाता संस्थाले आफ्नो Curriculum Vitae (CV), प्राविधिक तथा आर्थिक प्रस्ताव, शैक्षिक योग्यता र अनुभवसम्बन्धी प्रमाणपत्रका प्रतिलिपि, नागरिकताको प्रतिलिपि र सम्बन्धित निकायमा दर्ता/नवीकरण भएको प्रमाण (यदि फर्म/संस्थाको हकमा) सहित [आवेदन पेश गर्ने अन्तिम मिति २०८३/०५/२४ भित्र सिंजा गाउँपालिकाको कार्यालयमा वा इमेल मार्फत पेश गर्नुहुन अनुरोध गरिन्छ।

थप जानकारीका लागि
सम्पर्क व्यक्ति: मन्जु थापा
नम्बर: ९८४६७८९१६८
इमेल: thapamanju2049123@gmail.com
मा सम्पर्क गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत